# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : अर्जुनचौपारी गाउँपालिका, स्यांजा , अर्जुनचपरी गाउँपालिका , स्याङजा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | उज्वल बहादुर बस्नेत | २०७८-१०-३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | कमल प्रसाद गौतम | २०७७-४-१ | |
| लेखा प्रमुख | सुदर्शन रेग्मी | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १७,६०५,२२५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १०,७३,४४,६८७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २६,३४,००,९७१ | चालु खर्च | १९,६५,५०,४८७ |
| प्रदेश सरकारबाट अनुदान | १,२०,६१,००० | पूँजीगत खर्च | १०,३८,५२,८९८ |
| राजश्व बाँडफाँट | ४,८६,५५,४९८ | वित्तीय/अन्य व्यवस्था | ७,१२,२३,४४२ |
| आन्तरिक आय | ६०,१८,३४४ | | |
| अन्य आय | ७,५८,९३,००० | | |
| कुल आय | ४०,६०,२८,८१३ | कुल खर्च | ३७,१६,२६,८२७ |
| बाँकी मौज्दात | | १४,१७,४६,६७२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>**परिचय**–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । गाउँपालिका अन्तर्गत ६ वटा वडा, ५७·२२ वर्ग किलोमिटर क्षेत्रफल तथा १६१७६ जनसंख्या रहेको छ। | |
| २ | | | **लेखापरीक्षण**<br>लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ । | |
| ३ | | | **वित्तिय प्रतिवेदन** | |

| प्राप्ती भुक्तानी हिसाव | | | |
|---|---|---|---|
| विवरण | यस वर्ष रु. | | |
| | बजेट | प्राप्ति/भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | ३८९३०४७४३ | ४६२१११५४४ | ४६२१११५४४ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ३७४३१६१४१ | ४४६९४७९४२ | ४४६९४७९४२ |
| ११००० कर | ६१८३११३० | ० | ० |
| १३००० अनुदान | ३१२४८५०११ | ४४६९४७९४२ | ४४६९४७९४२ |
| संघीय सरकार | २८०४२४०११ | ४४५९०१९४२ | ४४५९०१९४२ |
| प्रदेश सरकार | २७०६१००० | १०४६००० | १०४६००० |
| जनसहभागिता | ५०००००० | ० | ० |
| ख. अन्य प्राप्ति | १४९८८६०२ | १५१६३६०२ | १५१६३६०२ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० |
| कोषहरु | १४९८८६०२ | १४९८८६०२ | १४९८८६०२ |
| धरौटी | ० | १७५००० | १७५००० |
| संघीय, प्रदेश सरकार वा अन्य | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ४३८४७१११० | ३१३०६४०९९ | ३१३०६४०९९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ४२३४८२५०८ | ३००४०३३८७ | ३००४०३३८७ |
| २१००० पारिश्रमिक / सुविधा | १४८५०७००० | १३३५७४८०१ | १३३५७४८०१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ७४८५८३९१ | ४७४८९४०७ | ४७४८९४०७ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | २५००० सहायता (Subsidy) | ५७१८००० | ३६१५६६७ | ३६१५६६७ | | |
| | | | २६००० अनुदान | २५०१००० | २०४०२२५ | २०४०२२५ | | |
| | | | २७००० सामाजिक सुरक्षा | १४४७१२५० | ८११९४१७ | ८११९४१७ | | |
| | | | २८००० अन्य खर्च | २३७२००० | १७१०९७० | १७१०९७० | | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १७५०५४८६६.८४ | १०३८५२८९८.९५ | १०३८५२८९८.९५ | | |
| | | | घ. अन्य भूक्तानी | १४९८८६०२ | १२६६०७१२ | १२६६०७१२ | | |
| | | | कोषहरु | १४९८८६०२ | १२५१७२०१ | १२५१७२०१ | | |
| | | | धरौटी | ० | ३४२३२१ | ३४२३२१ | | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य | ० | ० | ० | | |
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -१९८८०९.८ | -१९८८०९.८ | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | -४९१६६३६६.८४ | १४९०४७४४५ | १४९०४७४४५ | | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १६७३२१ | १६७३२१ | | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | -४९१६६३६६.८४ | १४९२१४७६६ | १४९२१४७६६ | | |
| | | | | | | | | |
| | | | बैंक तथा नगद बाकी | | १५०१५४७६६ | १५०१५४७६६ | | |

अन्तरसरकारी हस्तान्तरण तर्फको आय व्यय विवरण

| आम्दानी शिर्षक | रकम रु | खर्च।निकासा | रकम रु |
|---|---|---|---|
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ३०००००० | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ३०००००० |
| सामाजिक विकास मन्त्रालय | १४००००० | सामाजिक विकास मन्त्रालय | १४००००० |
| सामाजिक विकास मन्त्रालय(संघ शसर्त) | २००००० | सामाजिक विकास मन्त्रालय(संघ शसर्त) | २००००० |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४३००० | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४३००० |
| सामाजिक सुरक्षा तथा संरक्षण | ६६२०४००० | सामाजिक सुरक्षा तथा संरक्षण | ६६२०४००० |
| स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ४५००००० | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ४५००००० |
| गरिब सँग विश्ववेर | ५४६००० | गरिब सँग विश्ववेर | ५४६००० |
| जम्मा | ७५८९३००० | जम्मा | ७५८९३००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **वित्तिय प्रतिवेदनः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSASअनुरुप)म=ले=प=फा= नं= २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।<br>· स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा फरक देखिएको छ ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>· एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शिर्षक र पुजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वियन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।<br>· पालिकाले गत आ व को लेखारिक्षण प्रतिवेदन बमोजिम रु १०७३४४६८७ बैक मौज्दात देखाएकोमा वितिय प्रतिवेदन २७२ मा रु १६७३२१ सारेको देखिएको छ। पालिकाले जिम्मेवारी नसारी खर्च गरेको देखिएको छ। जिम्मेवारी नसारी खर्च गरेकोले रु १०७३४४६८७ फरक परेको देखिन्छ। को सम्वन्धमा यथार्थता एकिन गरी आम्दानी वाध्नुपर्दछ।<br>· सुत्रको वित्तिय विवरण अनुसार रु १५०१५४७६५।६४ बैक मौज्दात रहेकोमा बैकमा संचित कोष तथा विविध खातामा रु १४१७४६६७२।देखाएकोले रु.८४०८०९३ फरक परेको देखिन्छ। यस सम्बन्धमा पालिकाले एकिन गर्नुपर्ने देखिन्छ।<br>· पालिकाको धरौटी खाता सुत्रमा समावेस गरेको पाइएन। पालिकाले कोष तथा खाताहरुको अद्यावधिक गरी लेखाङ्कन गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **बैक हिसाब मिलान नगरेको**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण (म=ले=प=फा= नं= २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको विभिन्न खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको देखिएन। पालिकाले वैक हिसाव मिलान विवरण तयार गरी श्रेष्ता अद्दावधिक गर्नुपर्दछ । | |
| ६ | | | **अनुदान फिर्ताः**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले विभिन्न शशर्त अनुदा रु ३७००५९७२।अनुदान प्राप्त भएकोमा शिर्षकको रकममध्ये आषाढ मान्तसम्ममा खर्च नभई बाँकी रहेको रकम रु- ७००००००। फिर्ता गरेको पाइएन।खर्च नभई बाँकी रहेको रकम सम्बन्धित निकायमा फिर्ता गरी सोको प्रमाण पेश गर्नुपर्ने रु | ७,०००,००० |
| ७ | | | **आन्तरिक नियन्त्रण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।· पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नोअधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले नगरपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।<br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>· मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 7(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।<br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>· सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट विभिन्न शिर्षकमा खर्च गरेको भएता पनि योजनागत कन्टिन्जेन्सीको खाता राखेको छैन ।<br>· वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वियनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।<br>· निजामती सेवा ऐन, 2049दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहलेनियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु= ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको,<br>· स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,<br>· तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **सेवा प्रवाह**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता तथा दर्ता ८९वटा, मृत्युदर्ता ३३ वटा, नाता प्रमाणित ६८वटा, घरवाटो शिफारिश २७वटा, नागरीकता शिफारिश १७०वटा वसाइसराइ ८र अन्य ८८६वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, बसाई सराई, पञ्जीकरण दर्ता तथा सिफारिश, पारिवारिक लगतको अभिलेखआदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथामापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **न्यायीक समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकीनरहेको र यो बर्ष १० मुद्दा दर्ता भएकोमा ९ वटाफछ्र्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १० | | | **नक्सा पासः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने र नक्सापास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ । यस पालिकावाट आ-व-२०७७।७८ मा २ वटा घरको नक्सापासको लागि निवेदन दिएकोमा २लाईस्थायी अनुमति दिएको छ भने गत वर्ष अनुमति लिएका देखिएन । पालिकाले आफ्नो क्षेत्रिभत्रको धेरै घरहरु बनेको अवस्थामा समेत नक्सा पास गररेको पाइएन । घरहरुको अभिलेख नराखेको हुँदा नक्सा पास नभएका घरको संख्या एकिन हुन सकेको छैन । सो को अभिलेख तथ्यांकको व्यवस्थापन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **क्षेत्रगत बजेट र खर्च**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br>(तालिका तल) <br>उल्लिखित विवरण अनुसार पुर्वाधार विकासमा कुल खर्चको ६०।८७ % रहेको छ भने सामाजिक विकासमा ८७।२१ प्रतिशत खर्च भएको देखिएको छ । पूँजीगत खर्चमा वृद्धि गरी लक्षित उद्धेश्य हासिल गर्नुपर्दछ । | |

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २६७४५००० | ११४५३९४६ | ४२.८३ |
| २ | सामाजिक विकास | १५९२०५२५० | १३८८३९६७४ | ८७.२१ |
| ३ | पूर्वाधार विकास | १५५३४५८६७ | ९४५५२८९३ | ६०.८७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १२३००००० | २३९५५२६ | १९.४८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ६९८८६३९१ | ५३१६१३४८ | ७६.०६ |
| कुल जम्मा | | ४२३४८२५०८ | ३००४०३३८७ | ७०.९३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>

**चौमासिक खर्चः**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।कुल खर्च मध्ये तेस्रो चौमासिक खर्चरु ६१४०२७९७ खर्च भएको विवरण पेश भएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">बजेटउपशीर्षक</th><th colspan="2">बजेटरखर्च</th><th colspan="2">प्रथमचौमासिक</th><th colspan="2">दोस्रोचौमासिक</th><th colspan="2">तेस्रोचौमासिक</th></tr>
<tr><th>बजेट</th><th>खर्च</th><th>बजेट</th><th>खर्च</th><th>बजेट</th><th>खर्च</th><th>बजेट</th><th>खर्च</th></tr>
<tr><td>१</td><td>पुँजिगत</td><td>१७५०५४</td><td>१०३८५२</td><td></td><td>१०६९२</td><td></td><td>३१७५८</td><td></td><td>६१४०३</td></tr>
<tr><td colspan="10">खर्च प्रतिशत ५९।३२</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **योजना र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | १७ | ८५०००० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | ८९ | १६७०००००० |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | ७ | ४४०००००० |
| ५ | ५० लाख भन्दा माथिका योजनाहरु | ५ | ९८९८६७६६ |
| | जम्मा | | १२०९३६७६६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **कार्यक्रमगत प्रगतिः** पालिकाले तोकिएको लक्ष्य पुरा गरी शत लक्षित प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पूँजीगत कार्यक्रम तर्फ कम प्रगति भएका केही उदाहरण देहायअनुसार छन्: | |

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|
| अर्जुनचौपारी नेवारभञ्ज्याङ सडक निर्माण | ४४७ | ० |
| स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन | ३०० | ० |
| बगुर पालन कार्यक्रम | २००० | ६४० |
| सौर्य उर्जा प्रबिधि जडान | ३०० | ० |
| आय आर्जन कार्यक्रम सचालन | २००० | ६५० |
| विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | १००० | २०० |
| रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० | २८१ |
| मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० | ८४ |
| झो.पु अर्जुनचौपारी गाउँपालिका स्याङ्जा | २७०० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **अवण्डा बजेटः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४को दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो वजेटमा व्यवस्था गरी सम्वन्धित व्यवस्थापिकावाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ। यस स्थानीय राहत ,उद्दार तथा पुर्नस्थापना शिर्षकमा एकमुष्ट रुपमा रु ६६ लाख वजेट राखि खर्च गरेको पाइयो बजेट अबण्डाको रुपमा राखी तोक आदेशबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ। | |
| १६ | | | **तलबि प्रतिवेदन पास नगरेकोः**<br>संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालयको च नं १८० प्रत्र संख्या २०७६।७७ को पत्र अनुसार स्थानीय तहको कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्ने खटिएको कर्मचारिको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय बाट तलबी प्रतिवेदन पास गरी तलब भुक्तानी गर्नुपर्नेमा पालिकाले आ व २०७७।७८ मा तलबी प्रतिवेदन पास नगरी रु ११ करोड ६५ लाख ९९ हजार खर्च लेखेको छ।कार्यालयले तलबि प्रतिवेदन पास गरि खर्च गर्नुपर्ने तर्फ ध्यान दिनुपर्दछ। | |
| १७ | | | **अनुगमन तथा भ्रमण खर्चः**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.१५ लाख ९८ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ । | |
| १८ | | | **व्याज अनुदानः**<br>पालिकाभित्र कृषि पेशामा संलग्न कृषकहरुलाई कृषि क्षेत्रतर्फ थप प्रोत्साहन र उत्प्रेरणा गरि कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले व्यवसायिक कृषकहरुलाई उनीहरुले गरेको व्यवसायलाई आधार मानी कृषि सहकारी संस्थाहरुसँग समन्वय गरेर व्यवसायिक कृषि पशुपंक्षि तथा मत्य कर्जामा व्याज अनुदान दिने उद्देश्यले बार्षिक कार्यक्रममा व्याज अनुदान अन्तर्गत रु ७ लाख विनियोजन गरि रु ३ लाख ३९ हजार खर्च गरेको छ।पालिकाले व्यावसायिक कृषि पशुपंक्षि तथा मत्स्य कर्जामा व्याज | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनुदान सम्बन्धि कार्यविधि २०७६ तयार गरि खर्च गरेको पाइयो। पालिकाले कृषकहरुलाई बढीमा १० लाख सम्मको ऋणमा ९ प्रतिशत व्याज अनुदान दिने निर्णय गरेको छ। पालिकाले २१ जना कृषक हरुलाई व्याज अनुदानको लागि सिफारिस गरेकोमा सबै कृषक हरुले ऋण नलिएको कार्यालयको भनाई छ। पालिकाले कति कृषकले ऋण लिए ऋण लिएको रकम र समय बारे कार्यालयसँग अभिलेख नराखेको र व्याज अनुदान दिने बारे कुनै पनि कृषक सहकारी तथा बैक हरुसँग सम्झौता नगरेको पाइयो। कृषि सहकारीको विलको आधारमा व्याज भुक्तानी गरेको पाइयो । कार्यालय सँग छलफल गर्दा बैक तथा कृषि सहकारी हरुसँग कुनै सम्झौता नभएको र सो कार्यक्रम आ व २०७७।७८ सम्म रहेको भनाई छ। पालिकाले ऋण लिएको रकमा तथा समयको एकिन गरि व्याज अनुदान भुक्तानी गर्नुपर्ने तथा यस कार्यविधि अनुरुप अनुदानको सदुपयोग भए नभएको पालिकाले अनुगमन गरि अनुदानको प्रभावकारि कार्यन्वयन सम्बन्धमा कार्यलयले ध्यान दिनुपर्दछ। | |

| भौ. नं. | कार्यक्रमको विवरण | विवरण | रकम |
|---|---|---|---|
| १० | व्याज अनुदान | के के कामना कृषि कम्पनी र चापागाइ बाख्रा फर्म लाइ ब्याज अनुदान रकम भुत्तानी | ३८९६० |
| ३८ | व्याज अनुदान | के के कामना कृषि कम्पनी प्रा लि लाइ असोज महिनाको ब्याज अनुदान रकम भुत्तानी | ७३९८ |
| ६१ | व्याज अनुदान | खाल्टे कृषि तथा पशुपालन फर्म लाइ ब्याज अनुदान भुत्तानी | २९५२६ |
| ६७ | व्याज अनुदान | दरौखोला कृषि फलफूल पछी तथा पशुपालन फर्म लाइ २०७७ साल असोज र कार्तीक महिनाको अनुदान रकम भुत्तानी | १४७९६ |
| ८७ | व्याज अनुदान | चापागाइ बाख्रा फर्म लाइ २०७७ साल असोज कार्तिक र मार्ग महिनाको ब्याज अनुदान रकम भुत्तानी | २३४५२ |
| १४३ | व्याज अनुदान | दरौखोला कृषि फलफूल तथा पशुपन्छी फर्म लाइ व्याज अनुदान रकम भुक्तानी | २१९४७ |
| १५५ | व्याज अनुदान | चापागाइ बाख्रा फर्म लाइ ब्याज अनुदान रकम भुत्तानी | २३८६९ |
| २२७ | व्याज अनुदान | ब्याज अनुदान बापतको रकम श्री चापागाइ बाख्रा फर्म लाइ भुत्तानी | ८४०९ |
| २३९ | व्याज अनुदान | चापागाइ बाख्रा फर्म लाइ व्याज अनुदान रकम भुत्तानी | १७०९० |
| ३२२ | व्याज अनुदान | र व्याज अनुदान रकम भुत्तानी | ३७७२७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ३३९७८८ | |
| १९ | | | **विलभरपाई वेगरको खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले भौ नं १७९।७८।३।२३ बाट राष्ट्रपति शौक्षिक सुधार अन्तर्गत पञ्चकन्या मा वि लाई भौतिक तथा शैक्षिक पुर्वाधार विकास कार्यक्रमका लागि रु ६५०००० निकासा दिएकोमा उक्त कार्यक्रममा खर्च भए नभएको सम्बन्धमा कुनै पनि कागजात शिक्षा शाखालाई पेश नभएकोले खर्च पुष्टाई गर्ने विलभरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ । | ६५०,००० |
| २० | | | **बैठक भत्ता बढी दरमा भुक्तानीः**<br>गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को दफा ८ मा सभा, कार्यपालिका, वडा समिति वा न्यायिक समिति साथै स्थानीय तहको अन्य कुनै समितिको वैठकमा भाग लिएवापत प्रत्येक दिनको लागि अनुसूची वमोजिम रु १०००। को दरले भत्ता पाउने व्यवस्था गरेकोमा महानगरले देहायका भौचरवाट खर्च गर्दा प्रति वैठक रु १५००। को दरले भत्ता उपलव्ध गराएकोमा ऐनमा तोकिए भन्दा वढिको दरले भत्ता वितरण गर्दा देहायअनुसार वढी भुक्तानी भएको देखिएकोले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | ५९,५०० |

| भौ नं | समितिको नाम | खर्च भएको रकम | खर्च हुनुपर्ने रकम | कर कट्टी पछिको वढी भुक्तानी |
|---|---|---|---|---|
| ११९ | आठौ गाउँसभा सञ्चालन | ९४५०० | ६३००० | २६७७५ |
| २७६ | नवौ गाउँसभा सञ्चालन | ११५५०० | ७७००० | ३२७२५ |
| जम्मा | | | | ५९५०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>

**परामर्श सेवा खरिद**

पालिकाको कार्यालयले यस बर्ष तपिसलका डि.पि.आर कार्यका लागि विभिन्न परामर्श दातासँग सम्झौता गरी देहायअनुसार परामर्श खर्च लेखेको छ।

| भौ नं | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ११ | नदीजन्य पदार्थ उत्खनन लागी प्रारम्भिक बाताबरणिय परिक्षण | श्री युना इन्जिनियरिङ्ग सर्भिसेज प्रा लि | २२६००० |
| ५७,२९६ | औद्ययोगिक ग्रामको डिपिआर | ग्रिन विच इन्भाइरोमेन्टल इन्जिनियरिङ्ग | १८१६०२२ |
| ८४,८६ | गाउँपालिका अन्तर्गतका ROADS हरुको DPR निर्माण | एडन इनिजिनियरिङ्ग सोलुसन प्रा लि | १८१६१७२ |
| ६८ | व्यक्तिगत घटना दर्ताका दर्ता किताब डिजीटा◌ेइजेशनका | श्री एक्स एल सफ्ट टेक प्रा लि | २९४१२१ |
| १६०,२१३ | औद्ययोगिक ग्राम निर्माण गर्नका लागि DPR REVIEW | इनोभेटिभ इन्जिनियरिङ्ग सर्भिस प्रा लि | १३५६००० |
| २१४,३२५ | प्रशासनिक भवनको DPR | हेबिल इन्जिनियरिङ्ग कन्सल्टेन्सी | १४६१६५५ |
| जम्मा | | | ६९६९९७० |

यस सम्बन्धमा देखिएको व्यहोरा यस प्रकार छन ।

**वीमाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्श दाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निसर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेशनल ल्याविलिटी इन्सोरेन्स) पेश गर्नु पर्ने व्यवस्था नियमावलीको नियम ८०(७) मा उल्लेख भएकोमा कार्यालयले परामर्शदाताको पेशागत दायित्व विमा पेश गर्न लगाएको छैन । खरिद कानुनको पालना गर्नुपर्दछ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु ५ लाख भन्दा वढीको खरिद गर्दा सिलवन्दी दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने तथा नियमावलीको नियम ३१ मा रु २० लाख भन्दा वढीको खरिद गर्दा वोलपत्रको माध्यमवाट गर्नुपर्नेमा सो नगरी देहायका बिभिन्न फर्महरुबाटकार्यालय सामानहरु सिधै खरिद गरिएको तथा सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एउटा आपूर्तिकर्तासंग सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नहुने उल्लेख भएकोमा कार्यालयले प्रतिस्पर्धात्मक तरकाबाट खरिद गर्दुपर्दछ। | |

| भौ नं | खरिदको विवरण | आपुर्तिकर्ताको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| २८ | मसलन्द तथा कार्यालय सामाग्रि खरिद | प्रज्वल प्रिन्टर्स एण्ड स्टेशनरी सप्लायर्स | २१४२५१ |
| २८ | मसलन्द तथा कार्यालय सामाग्रि खरिद | लेखा कम्प्युटर्स एण्ड गुडस सप्लायर्स | १५८१४९ |
| २९ | मसलन्द तथा कार्यालय सामाग्रि खरिद | प्रज्वल प्रिन्टर्स एण्ड सप्लायर्स | १३५६०० |
| ६३ | मसलन्द तथा कार्यालय सामाग्रि खरिद | पराजुली मोबाइल सेन्टर | २१३८१८ |
| ११८ | मसलन्द तथा कार्यालय सामाग्रि खरिद | भोले बाबा इण्टरप्राइजेज | १२२७७४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **नर्म्स भन्दा बढी भुक्तानीः**<br>अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७५ मा सबै प्रकारका तालिम गोष्ठी सेमिनार कार्याशाला सञ्चालन सम्बन्धि खर्चको मापदण्डमा प्रतिवेदकको पारिश्रमिक रु १०००।दरले भुक्तानी गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले विभिन्न कार्यक्रममा फरक दरले प्रतिवेदकको पारिश्रमिक भुक्तानी गरेकोले बढी भुक्तानी भएको असुल हुनुपर्ने रु | ४,००० |

| भौ नं | कार्यक्रमको व्यहोरा | प्रतिवेदकको नाम | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|
| ७८ | लैङ्गिक हिंसा वरुद्ध १६ दिने अभियान | दिपक थापा | ३००० | २००० |
| ११९ | आठौ गाउँसभा सञ्चालन | दिपक थापा | २००० | १००० |
| २८० | हाजिर जवाफ प्रतियोगिता | ख्यामनारायण काफले | २००० | १००० |
| जम्मा | | | | ४००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **राहत उद्दार तथा पुर्नस्थापना खर्चः**<br>सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलब्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको वित्तीय समानीकरण चालु अन्तर्ग राहत उद्दार तथा पुनर्थापना खर्चमा रु ६० लाख बजेट अबण्डा राखि रु ३९ लाख ८३ हजार खर्च गरेको छ। खर्च गर्दा वास्तविक राहत तथा आर्थिक सहयोग गर्नुपर्ने व्यक्तिहरुलाई प्रकोप तथा क्षतिको मापन नगरि रु ५ देखि १५ हजार को दरले व्यक्तिहरुलाई विभिन्न भौचरबाट भुक्तानी दिएको छ। आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको तथा सम्वन्धित वडाध्यक्षहरुको सिफारिसमा सहायता दिएको जस्ता अवस्था देखियो।पालिकाले आर्थिक सहायताएंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौतीगर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ। | |

| २५ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

**कोभिड तर्फः**

आयव्या तर्फः कोभिड १९ तर्फः आ व २०७७।७८ को अषाढ मसान्त सम्मको आम्दानी तथा खर्चको विवरण निम्न अनुसार रहेको भनि पेश गरेको छः

| आम्दानीको स्रोत | २०७८ असार मसान्त सम्म प्राप्त रकम | खर्च शिर्षक | २०७८ असार मसान्त सम्मको खर्च |
|---|---|---|---|
| संघीय सञ्चित कोषबाट | | सवारी साधन भाडा | ८४०६०० |
| प्रदेश सञ्चित कोषबाट | | क्वारेन्टिन होल्डिङ्ग सेन्टर | |
| | | निर्माण व्यवस्थापन | |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | २७८८६०२ | आईशोलेसन केन्द्र | ७४६९१६ |
| | | निर्माण व्यवस्थापन | |
| संघीय कोभिड कोषबाट | | जनशक्ति परिचालन | १८१४९ |
| प्रदेश कोभिड कोषबाट | | औषधि एवं स्वास्थ्य उपकरण तथा | ७९९७९३ |
| | | सामग्री खरिद | |
| अन्य स्रोतबाट प्राप्त | | विविध | १४६८२१ |
| | | मौज्दात | २३६२३ |
| जम्मा | २७८८६०२ | जम्मा | २७८८६०२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | यस सम्बन्धमा देखिएको व्यहोरा निम्नअनुसार छनः<br>पालिकाले आ व २०७७।७८ मा प्रकोप व्यवस्थापन कोष मा रु २५५२२७१।खर्च लेखेको छ।<br>· पालिकाले विभिन्न भौ नं बाट कोरोना संक्रमण नियन्त्रणकोलागि विभिन्न देशबाट आएको व्यक्तिहरुको आवतजावत तथा स्वव संकलन को लागि दैनिक रु ८०००। मा सम्झौता गरी विभिन्न भौ बाट रु ८१७५२१ खर्च लेखेको छ।<br>· क्वारेन्टीनमा खाजा खाजा बापत रु२३५७६४ खर्च गरेको छ।<br>· भौ नं ६७१४१५ बाट औषधि खरिदको लागि विभिन्न सप्लायर्स बाट टुक्रा टुक्करा पारी खरिद गरी रु ९५०८१९ खर्च गरेको छ। | |
| २६ | | | **घटि दररेटमा राजस्व संकलनः**<br>प्रदेश सरकार आर्थिक ऐन २०७७ को दफा ८ (१) अनुसुची ६ बमोजिम ढुङ्गा गिटि बालुवा उत्खनन् र संकलन शुल्क प्रति क्यूविक फिट रु ७ का दरले हुने ब्यवस्था छ । स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ मा प्रदेश र गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकार क्षेत्रका कर निर्धारण प्रदेशले निर्धारण गर्ने र गाउँपालिका तथा नगरपालिकाले संङ्कलन गर्ने उल्लेख छ। साथै दोहोरो कराधिकार क्षेत्र मा प्रदेश सरकारको कानुन सँग नबाझिने हुनुपर्ने उलेलेख छ। पालिकाले दरौखोला अर्जुनचौपारी भिरकोट सिमाना (पक्की पुल झलुङ्गे पुलको लगायतका विकासका संरचनाहरुको निर्धारित मापदण्ड अनुसार) देखि सहरे घाट सम्म ढुङ्गा गिट्टी ४०३५ घ मि (प्रति क्यु फिट ७) उल्खननको लागि ठेक्का अंक रु ९९७४५२। मा पालिकाले मिति प्रथम पटक मिति २०७७।०५।२९ मा र दोस्रो पटक २०७७।६।१४ मा सुचना प्रकाशन गर्दा ठेक्का नपरेको कारण सार्वजनिक स्थलमा सुचना टाँसि गरि प्रकाशित सुचना अनुसार दरौ खोला निर्माण सेवा लाई प्रति ४०३५ घ मि उल्खननको लागि प्रति क्यु फिट रु ३।५१ को दरमा रु ५०००००।(कर बाहेक) सम्झौता गरेको पाइयो। पालिकाले प्रदेश कानुन बमोजिम कर संकलन गर्नुपर्ने साथै पालिकाले उत्खनन गर्ने सकिने परिमाण लाई घटाएर ठेक्का लगाउन सक्ने भएता पनि करको दरलाई घटाउन नसकिने देखिन्छ।प्रदेश सरकरको आर्थिक ऐन बमोजिम कर संकलन नगरेको कारण पालिकालाई कम राजस्व प्राप्त भएको देखिएको रु | ४९७,४५२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **असुली गर्न बाँकी आन्तरिक आयः**<br>स्थानीय सरकार सञ्चालन ऐन२०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।यस पालिकाले दरौखोला अर्जुनचौपारी भिरकोट सिमाना (पक्की पुल झोलुङ्गे पुलको लगायतका विकासका संरचनाहरुको निर्धारित मापदण्ड अनुसार) देखि सहरे घाट सम्म ४०३५ घ मि उत्खनन लागि दरौ निर्माण सेवा सँग रु ५०००००।(कर बाहेक) राजस्व बुझाउने गरि मिति २०७७।६।३० मा सम्झौता गरेको छ।सम्झौतामा प्रथम किस्ता रु २५००००।सम्झौताको बखत दाखिला गर्नुपर्ने र दोस्रो किस्ता रु २५००००।मिति २०७८।०२।२८ सम्म बुझाउनुपर्ने उल्लेख गरेको छ। सम्झौताको बुदा नं १२ मा बुझाउनुपर्ने किस्ता नबुझाएमा २० प्रतिशतको दरले जरिवाना असुल गर्ने उल्लेख गरेको । दरौखोला निर्माण सेवाले दोस्रो किस्ता बापत को रु २५००००। लेखापरिक्षणको समय सम्म पनि नबुझाएको हुदाँ बाकि रकम जरिबाना सहित असुल गर्नुपर्ने रु | ३००,००० |
| २८ | | | **मुल्य अभिवृद्धि कर दाखिला नगरेकोः**<br>आय ठेक्काको मूल्य अभिवृद्धि कर तथा अग्रिम आय कर असुल नगरेको मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ अनुसार नेपाल भित्र आपुर्ती हुने वस्तुको कारोवारमा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था रहेको छ । आय कर ऐन २०५८ को दफा ८९ मा अग्रिम आयकर १।५ प्रतिशत बुझाउनु पर्ने उल्लेख छ ।पालिकाले आय ठेक्काको मूल्य अभिवृद्धि कर तथा अग्रिम आय कर असुल नगरेको निम्नानुसारको ब्यवसायीले कबोल गरेको रकमको मूल्यबृद्धि कर रु ६५०००।र अग्रिम आयकर रु ७५००।गरी जम्मा रु ७२५००। रकम बुझाएको प्रमाण पेश गरेको देखिदैन । कर बुझाएको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु | ७२,५०० |
| २९ | | | **अनुगमन मुल्यांकन**<br>ढुङ्गा गिट्टी बालुवा उत्खनन बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ को दफा ४ (९) मा उत्खनन् र संकलन गर्दा वातवरणिय अध्ययन प्रतिवेदनमा उल्लेख भएको शर्त ठेक्का सर्त अनुगमन समितिले दिएको निर्देशन समेतको पालना गर्नु उलेलेख छ भने सोही मापदणडको दफा ७(६) मा उत्खनन् सङ्कलन वा ढुवानीकर्ताले उत्खनन् सङ्कलन वा ढुवानी गरेको परिमाणको दैनिक अभिलेख अनुसची ४ क बमोजिमको र दैनिक पटके बिक्रि वा ढुवानी अभिलेख तेरिज अनुसुची ४ ख बमोजिमको ढाँचामा राख्नु पर्ने उल्लेखछ ।प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदन २०७७ अनुसार प्रत्येक बर्ष बर्षायाम सकिएपछि थुपारिएको ढुङ्गा गिट्टी बालुवाको परिमाण, नापजाँच अभिलेख राख्नु पर्ने, ठेक्का सम्झौता उल्लेख भएको परिमाण, स्थान आदिको पालिका अनुगमन समितिद्धारा नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ। पदार्थको विक्रिको लागि वातावरणीय प्रभाव मुल्यांकन गरी निश्चित परिमाण तोकि उत्खननको स्वीकृती दिई ठेक्का लगाएको भएतापनि प्रत्येक बर्ष बर्षायाम सकिएपछि थुपारिएको ढुङ्गा गिट्टी बालुवाको परिमाण, नापजाँच अभिलेख नराखेको, ठेक्का सम्झौता उल्लेख भएको परिमाण, स्थान आदिको अनुगमन समितिद्धारा नियमित अनुगमन गरेको पाइएन। नदिजन्य पदार्थ सम्बन्धि आगमी दिनमा नीति बनाउन सहज हुने गरी उत्खनन भएको परिमाणको एकिन गर्ने तथा विभिन्न सरोकार निकायसँगको समन्वलाई जोड दिई अनुगमन मुल्यांकनलाई प्रभावकारी वनाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **आन्तरिक आय सम्बन्धा देखिएको अन्य व्यहोरा**<br>**आन्तरीक आय सम्वन्धमा देखिएका अन्य व्हयोरा देहायअनुसार छन् :**<br>· **वैंक नगदी कितावः**कार्यालयले मुल संचित कोषको वैंक नगदी किताव तयार गरेको छैन । जसले गर्दा आन्तरीक आय, विषयगत निकाय तथा अन्य श्रोतवाट प्राप्त आम्दानीको सहि लेखांकन भए नभएको सुनिश्चित गर्न सकिएन । प्राप्ती तथा खर्चको विवरण अद्यावधिक गर्नुपर्दछ ।<br>· **मनोरञ्जन करः**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७६।७७ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन। पालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर पहिचान तथा एकिन गरी असुल गर्नुपर्दछ।<br>· **जडीवुटी कवाडी र जीवजन्तु करः**ऐनको दफा ६१ मा जडीवुटी कवाडी र जीवजन्तु कर लगाउने व्यवस्था भएकोमा सो को पहिचान गरेको छैन ।<br>· **व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने उल्लेख छ पालिकाले आफ्ना क्षेत्रभित्र व्यवसाय गर्ने करदाताहरुको लगत नराखेको तथा करदाताहरुको पहिचान गरेको छैन । जसको कारण उठनुपर्ने रकम प्राप्त भएको छैन । सवै व्यवसायलाइ करको दायरामा ल्याइ आन्तरीक आयमा वृद्धि गर्नुपर्ने देखिन्छ<br>· **घर बहालकरः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५७ बमोजिम गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा कारखाना बहालमा दिएकोमा गाउँपालिका तथा नगरपालिकाले त्यस्तो बहाल रकमको १० प्रतिशत कर संकलन गर्ने उल्लेख छ।पालिकाले आफनो क्षेत्रभित्र रहेको करदाताहरुको पहिचा लगत तथा कर संकलन गरेको पाइएन। यस सम्बन्धमा पालिकाले राजस्व संकलन तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ३१ | | | **विद्यालयमा शैक्षिक तथ्याङ्क भन्दा वढी निकासा** | |
| ३१.१ | | | कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को कार्यक्रम कार्यान्वयन मार्गदर्शन (ट) मा स्थानिय तहका लागि निर्धारण हुने अनुदान विद्यालयबाट भरिने शैक्षिक तथ्याङ्क (IEMIS) मा आधारित हुने र स्थानिय तहले प्राप्त ससर्त अनुदान विद्यालयलाई निकासा दिँदा अद्यावधिक शैक्षिक तथ्याङ्कलाई आधार लिनुपर्ने व्यवस्था छ । पालिकाले ससर्त अनुदान विद्यालयलाई निकासा दिँदा शैक्षिक तथ्याङ्क नहेरी विद्यालयबाट गरेको मागका आधारमा निकासा दिएको देखिन्छ । लेखापरीक्षणको क्रममा शैक्षिक तथ्याङ्क र निकासालाई परिक्षण गर्दा देहायका शिर्षकमा विद्यालयलाई दिएको अनुदान निकासा शैक्षिक तथ्याङ्क भन्दा वढी भुक्तानी भएको देखिन्छ । | |
| ३१.२ | | | कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं ३.१ मा प्रति विद्यार्थि लागतका आधारमा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीका लागि नि शुल्क पाठ्यपुस्तक अनुदान निकासा गर्नुपर्ने व्यवस्था अनुसार शैक्षिक तथ्याङ्क भन्दा वढी विद्यार्थीलाई आधार मानि पाठ्यपुस्तक निकासा दिएकोले वढी निकासा भएको असुल गर्नुपर्ने रु | १०९,०७२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | विद्यालयको नाम | निकासा हुनुपर्ने रकम | निकासा भएको रकम | वढी भुक्तानी भएको | |
| | | | | लक्ष्मी आ वि | ४८२४ | ७५७९ | २७५५ | |
| | | | | अमर ज्योती आ वि | १२१८०९ | १३२१७७ | १०३६८ | |
| | | | | पञ्चकन्या मा वि | २४७७४४ | २५८३४३ | १०५९९ | |
| | | | | वुद्ध आ वि | २९८६८ | ३४६१३ | ४७४५ | |
| | | | | वयाले आ वि | २३८८० | २६४०७ | २५२७ | |
| | | | | सर्वोदय मा वि | १४५१०९ | १७२००८ | २६८९९ | |
| | | | | कामाक्ष्यदेवी आ वि | १३९१० | २०३६६ | ६४५६ | |
| | | | | गणेश आ वि | १३४३८ | १५७४६ | २३०८ | |
| | | | | चण्डी डाँडा आ वि | २१८१८ | २४२९१ | २४७३ | |
| | | | | सरस्वति आ वि | ३१५९५ | ३९७६० | ८१६५ | |
| | | | | जन मा वि | १८५१८७ | २००७०२ | १५५१५ | |
| | | | | गाउँ फर्क जनहित आ वि | २५१२० | २७७८८ | २६६८ | |
| | | | | दरौ मा वि | १२९४४३ | १४३०३७ | १३५९४ | |
| | | | | जम्मा | | | १०९०७२ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१.३</td><td></td><td></td><td>क्रियाकलाप नं २.७.१३.३ प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामाग्री व्यवस्थापन अनुदानमा शैक्षिक तथ्याङ्क भन्दा वढी भुक्तानी भएको असुल गर्नुपर्ने रु
<table>
<tr><th>विद्यालयको नाम</th><th>जम्मा विद्यार्थी संख्या</th><th>निकासमा विद्यार्थी संख्या</th><th>वढी संख्या</th><th>दर</th><th>वढी रकम</th></tr>
<tr><td>रानिचरी आ वि</td><td>१४</td><td>१७</td><td>३</td><td>५००</td><td>१५००</td></tr>
<tr><td>पञ्चकन्या मा वि</td><td>११</td><td>१५</td><td>४</td><td>५००</td><td>२०००</td></tr>
<tr><td>कामाक्ष्यदवी आ वि</td><td>०</td><td>१०</td><td>१०</td><td>५००</td><td>५०००</td></tr>
<tr><td>चण्डी डाँडा आ वि</td><td>७</td><td>११</td><td>४</td><td>५००</td><td>२०००</td></tr>
<tr><td>जन मा वि</td><td>१८</td><td>२८</td><td>१०</td><td>५००</td><td>५०००</td></tr>
<tr><td>जन विकास आ वि</td><td>९</td><td>१३</td><td>४</td><td>५००</td><td>२०००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>17500</td></tr>
</table>
</td><td>१७,५००</td></tr>
<tr><td>३१.४</td><td></td><td></td><td>घण्टे मा वि मा कक्षा ११-१२ का विद्यार्थि शैक्षिक तथ्याङ्क मा ४ जना देखिएकोमा पालिकाले ५४ जनाको प्रति विद्यार्थी रु २५० का दरले निकासा गरेको छ । शैक्षिक तथ्याङ्क भन्दा वढी विद्यार्थिको निकासा भएको ४९ जनाको रु १२२५० असुल गर्नुपर्दछ ।</td><td>१२,२५०</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>पेश्की बाँकिः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिने तथा फछ्र्यट गर्ने सम्वन्धी व्यवस्था छ। जसअनुसार कार्यालयले देहायअनुसार म्याद समाप्त भएको पेश्की हालसम्म फछ्र्यौट नगरेकोले उक्त पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।
<table>
<tr><th>गो भौ</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिने व्यक्ति तथा फर्म</th><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
</table>
</td><td>२,५९०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | नं | | | रकम | रकम | |
| | | | १० | ठाडाखेत गेट निर्माण | दरौखोला निर्माण सेवा | ८५,००० | ० | |
| | | | २८ | प्रशासकिय भवन निर्माण | किरातेश्वर कन्सट्रक्सन एण्ड ड्रिलिङ्ग कम्पनी प्रा.लि. | ५७००००० | ० | |
| | | | ४० | प्रशासकिय भवन निर्माण | किरातेश्वर कन्सट्रक्सन एण्ड ड्रिलिङ्ग कम्पनी प्रा.लि. | २९७७८५९ | ० | |
| | | | | | | ८७६२८५९ | ० | |
| | | | १५५ | Dragon Food,कागति बगैचा स्थापना (जनबिकास साना किसान सहकारी मार्फत) | जनविकास साना किसान कृषि सहकारी संस्था लि. | ० | १३००००० | |
| | | | १९१ | आय आर्जन कार्यक्रम सचालन (रापाकोट कालिका साना किसान कृषि सहकारी मार्फत) | श्री रापाकोट कालिका साना किसान कृषि सहकारी संस्था र्लिमिटेड | ० | ६५०००० | |
| | | | २२४ | बगुर पालन कार्यक्रम(दरौखोला श्रमिक सहकारी मार्फत) | दरौखोला श्रमिक सहकारी सस्था लिमिटेड | ० | ६४०००० | |
| | | | | | | ० | २५९०००० | |
| ३३ | | | **कम कर कट्टी**<br>आयकर ऐन २०५८ को दफा ८८ मा प्रोत्साहन बापतको भुक्तानीमा १५ प्रतिशत कर कट्टि गर्नुपर्ने उल्लेख छ। पालिकाले भौ नं ३०९।२०७८।०३।२६ बाट स्वास्थ्य तर्फको कर्मचारीहरुलाई मासिक तलब स्केलको ५० प्रतिशतको दरले २ महिनाको जोखिम भत्ता रु ३३०८८५।भुक्तानी दिएकोमा १ प्रतिशत कर कट्टी गरेको पाइयो।१४ प्रतिशत कम कर कट्टी गरेको दाखिला गर्नु पर्ने रु ४६३२५ | | | | | ४६,३२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **पारिश्रमिक कर**<br>आयकर ऐन, २०५८ को दफा २२(२) मा प्राकृतिक व्यक्तिले रोजगारीबाटप्राप्त हूने आयको गणना गर्दा कर प्रयोजनको लागि नगद आधारमा लेखाङ्कन गर्नूपर्ने र दफा २३ मा कूनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधिनमा रही रोजगारी वा लगानीबाट भएको आयको गणनाको लेखाङ्कन नगद आधारमा गर्दा निजले भूक्तानी प्राप्त गर्दा वा निजलाई सो भूक्तानी उपलब्ध हूंदाको अवस्थामा मात्र निजको आय गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नूपर्ने व्यवस्था रहेको छ ।पालिकालेदेहायको पदाधिकारी तथा कर्मचारीको पारिश्रमिक कर कट्टा गरेको छैन। अतः उक्त कर असुल गर्नुपर्ने रु | १९,६७८ |

| नाम | बार्षिक आय | जम्मा कट्टी | करयोग्य आय | तिर्नु पर्ने कुल कर | तिरेको कर | तिर्नुपर्ने बाकी कर |
|---|---|---|---|---|---|---|
| चिन माया गुरुङ्ग उपध्ययक्ष | ५४१००० | ० | ५४१००० | १३६०० | ५४१० | ८१९० |
| पुजा अर्याल | ४७७८७० | ० | ४७७८७० | ७२८७ | ४६७८ | २६०० |
| पुजा अर्याल कृषि अधिकृत | ४७७८७० | ० | ४७७८७० | ७२८७ | ४६७८ | २६०० |
| ईश्वर कुमार केसि | ७०३२१८ | २१७८९६ | ४८५३२२ | ८०३२ | ४२८४ | ३७४८ |
| लिला देवि गुरुङ्ग | ५७२७२० | ९९८४० | ४७२८८० | ६७८८ | ४२४८ | २५४० |
| जम्मा कर | | | | | | १९६७८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **मृत्यू भएका व्यक्तीको भत्ता वैक निकासाः**<br>सामाजिक सुरक्षा कार्याविधि २०७७ को दफा १५ को उपदफा २ मा भत्ता खाईपाइ आएको कुनै व्यक्तिको मृत्यु भएको दिन सम्मको भत्ता भुक्तानी दिनुपर्ने र सो मिति भन्दा पछिको रकम फिर्ता गरि संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ।लेखापरिक्षणको क्रममा देहायको वडा हरुमा लाभग्राहीको मृत्यु पश्चात बढी भुक्तानी भएको रकम असुल गरि संघिय संचित कोषमा फिर्ता गर्नुपर्ने रु | ७२,००० |

| लाभग्राहिको नाम | ना नं | मृत्यू मिति | हुनुपर्ने भत्ता रकम | भुक्तानी भएको भत्ता रकम | वढी भुक्तानी रकम | किस्ता |
|---|---|---|---|---|---|---|
| | वडा नं १ | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| यम बहादुर रोकाहा | ४३६२ | २०७७।७।१३ | ० | २४००० | २४००० | दोस्रो र तेस्रो |
| पदम वहादुर विष्ट | ५५५६ | २०७८।२।४ | ६४०० | १२००० | ५६०० | तेस्रो |
| | वडा नं २ | | | | | |
| मनमाया गुरुङ्ग | ६९५४ | २०७८।२।३ | ६३०० | १२००० | ५७०० | तेस्रो |
| | वडा नं ३ | | | | | |
| रुक्मीना काफ्ले | ९९६६ | २०७७।६।१२ | ७२०० | १२००० | ४८०० | प्रथम |
| डिल्ली राम पौडेल | ७५०१ | २०७७।१०।१३ | ७३०० | १२००० | ४७०० | दोस्रो |
| रविलाल काफ्ले | ६४७१ | २०७७।१।२० | ५००० | १२००० | ७००० | तेस्रो |
| | वडा नं ४ | | | | | |
| नर बहादुर दर्जि | ०१ | २०७७।६।२६ | ८६०० | १२००० | ३४०० | पहिलो |
| | वडा नं ५ | | | | | |
| मन बहादुर क्षेत्रि | १२११ | २०७७।६।१ | ६१०० | १२००० | ५९०० | पहिलो |
| उजुर वहादुर वि क | १७८० | २०७७।१०।२८ | ८८०० | १२००० | ३२०० | दोस्रो |
| रेवत प्रसाद ढुंगाना | ३६५१ | २०७८।२।१७ | ७७०० | १२००० | ४३०० | तेस्रो |
| बालकृष्ण पौडेल | ४७७७ | २०७८।२।२६ | ८६०० | १२००० | ३४०० | तेस्रो |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा | ७२००० | | |
| ३६ | | | **सुरक्षीत नागरिक आवास कार्यक्रमः**<br>सुरक्षित नागरिक आवास कार्यविधी २०७५ को दफा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात दफा ५(४) वमोजिम स्थानिय तहसंग सम्झौता गरी पहिलो किस्तावापत साठी प्रतिशत रकम उपलव्ध गराइने र उक्त रकम लाभग्राहिले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी वढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा वाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलव्ध गराउने व्यवस्था रहको छ।पालिकाले यस वर्ष ७४ जना लाभग्राहीलाई प्रथम किस्तावापत रु ३०००० का दरले रु २५२०००० सुरक्षीत नागरिक आवास अनुदान उपलव्ध गराएकोमा अनुदानको प्रभावकारीताको सम्वन्धमा अनुगमन मुल्यांकन गरी आवास निर्माण कार्य सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ। | | | | |
| ३७ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक ढलान,पैदल मार्ग निर्माण तथा सिढि निर्माण काम लगायतका १६ वटा निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष २२५ जना वेरोजगारको सुचिमा दर्ता गराएकोमा ८९ जनालाई रोजगारी उपलव्ध गराई श्रमिक ज्यालामा रु ४२६५७६६ खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | | | | |
| ३८ | | | **मेड्पा कार्यक्रम**<br>गरिवि निवारणका लागी लद्यु उद्यम विकास कार्यक्रम कार्यसञ्चालन निर्देशिका २०७७ (४१)माउद्यमिलाई उपलब्ध गराउने प्रविधिमा कुल लागतको कम्तिमा २० प्रतिशत लागत उद्यमिले व्यहोर्नु पर्ने व्यवस्था छ । पालिकाले गरिवि निवारको लागि लद्यु उद्यम विकास कार्यक्रम अन्तर्गत सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी संचालन गर्न आ व २०७७।७८ मा रु १२२०३८६ खर्च गरेकोमा तालिम संचालन गर्दा मेसिनरी औजार तथा सामान खरिद गरेको छ तर तालिम कार्यक्रम पश्चात प्रविधि हस्तान्तरण गर्दा निर्देशिकामा उल्लेख भए वमोजिमको लागत सहभागि नगराइ प्रविधि हस्तान्तरण गरेको देखिन्छ । पालिकाले कार्यक्रम संचालन गर्दा निर्देशिकामा उल्लेख भएका शर्त पालन गर्न तर्फ ध्यान दिनु पर्दछ। | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **सोझै खरिद** –<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ ।पालिकाले औषधि खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु. | १,८९२,४८३ |

| भौ नं | फर्मको नाम | रकम |
|---|---|---|
| १२२।७८।२।१८ | शिवशक्ती मेडिकल स्टोर्स | ४९२८३८ |
| २०२।७८।३।२५ | शिवशक्ती मेडिकल स्टोर्स | ४९९७५७ |
| ५८।७७।११।१० | पपुलर आयूर्वेद सेन्टर | ४९९९०० |
| १२५।७७।११।१० | पपुलर आयूर्वेद सेन्टर | ३९९९८८ |
| जम्मा | | १८९२४८३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **कार्यविधि विपरित वितरण**<br>प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना कार्यान्वयन म्यानुअल को परिच्छेद ७(१) मा परियोजनाबाट उपलब्ध हुने सुविधाहरु उल्लेख गरेको छ जसमा विउ विजनमा ५० प्रतिशत मात्र अनुदान दिन सकिने व्यवस्था भएकोमा पालिलकाले भौ नं ७१।७७।१२।१ मा ६३ वोरा आलु रु १९३४४० मा खरिद गरी वितरण गर्दा ५० प्रतिशत लागत सहभागिता हुनुपर्नेमा पकेट संचालन समितिको मिति २०७७।१०।२९ को वैठकले नि शुल्क वितरण गर्ने निर्णय गरि लागत सहभागिता वेगर वितरण गरेको देखिन्छ ।नेपाल सरकारको केन्द्रिय नर्म्स भन्दा विपरित हुने गरि स्थानिय स्तरको समितिले निर्णय गरि अनुदान दिनु नियमसंगत नदेखिएकोले केन्द्रिय नर्म्स अनुसार वढी भुक्तानि भएको असुल गर्नुपर्ने रु | ९६,७२० |
| ४१ | | | **कृषि अनुदानः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सरकारी अनुदान रकमको वितरण सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनु पर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष संचालित केही कार्यक्रमहरु देहाय अनुसार छन् । | |

| भौ नं | विवरण | रकम |
|---|---|---|
| २००।७८।३।२५ | सुन्तला पकेट कार्यक्रम | ४५३१६७ |
| १८५।७८।३।२३ | वाख्रा पकेट कार्यक्रम | १२८१३२० |
| ७१।७७।१२।१ | आलु विउ वितरण | १९३४४० |
| | पुँजिगततर्फ | |
| २।७७।११।११ | कोदो चुट्ने मेसिन | ५६००० |
| ३।७७।१२।१६ | मकै उत्पादन प्रर्वद्धन कार्यक्रम | ७४७५० |
| ५।७८।२।२० | रैथाने वाली प्रवर्धन कार्यक्रम | १९६७५० |
| १५।७८।३।२३ | मकै विउ वितरण | ९५०० |
| १६।७८।३।३० | जौ विउ वितरण | २८५०० |

यस सम्वन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेका छन।

(क) अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन ।अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (ख) कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।<br>(ग) पालिकाले एकै प्रकृतीका अनुदान कार्यक्रम विभिन्न वडा तथा पालिकावाट सञ्चालन गरेको भएता पनी कार्यक्रममा एकरुपता भएको देखिदैन। मापदण्डमा एकरुपता नहुँदा कुनै वडामा एउटै प्रकृतीको कार्यक्रममा लागत सहभागिता र कुनै वडामा शतप्रतिशत अनुदान दिइएकोले निश्चित मापदण्ड तथा कार्यविधी तयार गरी एकमुष्ठ रुपमा प्रतिष्पर्धात्मक तवरले खरिद गरी समानता कायम हुने गरी अनुदान वितरण गर्नुपर्ने देखिन्छ। | |
| ४२ | | | **जिल्ला दररेट भन्दा वढी भुक्तानी**<br>सामानको लागत अनुमान तयार गर्दा जिल्ला दररेट निर्धारण समिति वा पालिकाले तयार गरेको दर प्रयोग गर्नुपर्दछ । पालिकाले लधु उद्यम विकास कार्यक्रममा उद्यमीलाई प्रविधि हस्तान्तरण गर्नको लागि भौ नं १३।७८।३।२३ बाट १० वटा मौरीको घार प्रतिघार रु ५००० का दरले रु ५०००० मा खरिद गरेको देखिन्छ । जिल्ला दररेटमा प्रतिमौरी घार रु ३००० दर निर्धरण गरेकोले पालिकाको आफ्नै जिल्ला दररेट नभएको अवस्थामा जिल्ला दररेट भन्दा वढी प्रति घार रु २००० का दरले १० वटा घारको रु २०००० वढी भुक्तानी भएको असुल गर्नुपर्ने रु २०००० | २०,००० |
| ४३ | | | **फर्मामा नर्म्स विपरित भुक्तानी:**<br>सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा स्विकृत नर्म्स तथा जिल्ला दररेटका आधारमा प्राविधिक मुल्यांकन गरी भुक्तानी दिनुपर्ने उल्लेख छ। यस पालिकाले अन्तिम मुल्याङ्कन रु १००३०४५।१४ रहेको स्थानीय पूर्वाधार विकास साझेदारी तर्फको तुरतुरे हांडीखोला ग्रामिण कृषि सडक योजनाको उपभोक्ता समितिलाई भौ न ३ मिति २०७८।०३।११ बाट रु ९०४१८१ भुक्तानी दिएको छ। यस निर्माण आयोजनामा २७०।९३ घ मि फर्मा कार्यको प्रति घ मि रु ७५८।२८ को दरले रु २०५४४०।८० मुल्याङ्कन भएको छ। सडक विभागको नर्म्स नं १८.२ अनुसार फर्माको दररेट विश्लषण गरिएको अवस्थामा ९ मिमि मोटाईको प्लाई प्रति १० व मि फर्मा कार्यमा ११ व मि आवश्यक पर्ने नर्म्स अनुसार प्रति व मि फर्माको काममा १.१ व मि प्लाई आवश्यक पर्दछ। यस सम्बन्धमा सोहि नर्म्स बमोजिम प्लाई ६ पटक सम्म प्रयोग हुने उल्लेख रहेको र कार्यालयले यस आधारमा प्रति व मि फर्माको काममा प्लाईको परिमाण ०.१८ व मि राखि दररेट विश्लेषण हुनुपर्नेमा रु ०.६६ व मि प्लाईको परिमाण राखि दररेट विश्लेषण गरेको छ। यसरी यथार्थमा प्रति व मि फर्मा कार्यको दर रु ५१५।४२ कायम हुनुपर्नेमा रु ७५८।२८ कायम हुदा उपभोक्ता समितिलाई प्रति व मि फर्माको काममा रु २४२।८६ को दरले कुल कार्यसम्पादन भएको फर्माको काम २७०।९३ घ मि को जम्मा रु ६५७९८।०० बढि भुक्तानी भएको छ। अत: उपभोक्ता समितिलाई बढि भुक्तानी भएको रकम असुल गर्नु पर्दछ। | ६५,७९८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **न्यून विजकिकरण:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको खर्चका विल भर्पाइ सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले विभिन्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा उपभोक्ता समितिले पेश गरेका विभिन्न निर्माण सामाग्री खरिदको विल परिक्षण गर्दा कार्यालयले आधार लिएको जिल्ला दररेट भन्दा न्युन दरमा खरिद गरेको देखियो। कार्यालयले विल अनुसारको मुल्यांकन गरी न्यून विजकीकरणलाइ नियन्त्रण गर्न जरुरी देखिन्छ। यस सम्बन्धमा तपशिल बमोजिमका योजनामा उपभोक्ता समितिले पेश गरेको विभिन्न निर्माण सामाग्रीको विलको आधारमा मुल्यांकन गर्दा देहायअनुसार रु ९०५९६।०० बढि भुक्तानी भएको छ। यसरी उपभोक्ता समितिले घटि दरमा निर्माण सामाग्री खरिद गरेको अवस्थामा बढि दर रहेको मु अ कर सहितको जिल्ला दररेटको आधारमा मुल्याङ्कन कायम गरी भुक्तानी गर्दा उपभोक्ता समितिलाई रु १०४२४।०० मु अ कर समेत भुक्तानी भएको छ। यसर्थ उपभोक्ता समितिलाई बढि भुक्तानी भएको मु अ कर असुल गर्नुपर्दछ। | १०,४२४ |

| भौ न | निर्माण योजना | निर्माण सामाग्री | खपत परिमाण | मुल्याङ्कन दर | खरिद दर | फरक दर | वढी भुक्तानी | भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १६२ | छाप सामुदायिक भवन निर्माण | ईटाँ | ४८२७ गोटा | १९।९० प्रति गोटा | १३।५६ प्रति गोटा | ६।६० प्रति गोटा | ३१८५८ | ३६६६ |
| ३ स्थानीय पूर्वाधार | तुरतुरे हाडिखोला ग्रामिण सडक (पिसिसि, प्लम्ब कन्क्रिट) | सिमेन्ट | १३।७० मे ट | १५८०० प्रति मे ट | १४९८४ प्रति मे ट | ८१६ प्रति मे ट | ११९७९ | १२८६ |
| ८ स्थानीय पूर्वाधार | शिरिनडाँडा सामुदायिक भवन निर्माण (पिसिसि, प्लम्ब कन्क्रिट) | सिमेन्ट | १२।१२ मे ट | १७४८४ प्रति मे ट | १३५६० प्रति मे ट | ३९२४ प्रति मे ट | ४७५५८ | ५४७२ |
| | | जम्मा | | | | | ९०५९६ | १०४२४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>पूँजिगतबाट चालु प्रकृतिको खर्च<br>एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ मा पूँजिगत शिर्षकमा विनियोजन वजेटवाट चालु खर्च गर्न नपाउने उल्लेख छ। चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी वजेट खर्च लेख्नु नियम सम्मत मानिदैन।यस पालिकाले तपशिल बमोजिमका चालु प्रकृतिका कार्यक्रम पूँजिगत बजेटमा समावेश गरीएको तथा कार्यक्रमको उद्येश्य विपरित खर्च लेखेको छ। यसरी चालु प्रकृतिको खर्च पूँजिगत शिर्षक बाट गर्नु वित्तिय अनुशासनको उल्लङ्घन हो।यसमा कार्यालयले सुधार गर्नुपर्दछ।<br><table>
<tr><th>भौ न</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>१७६</td><td>ब्याडे बोका तथा रागो खरिद</td><td>५००००</td></tr>
<tr><td>२००/२२६</td><td>पाडापाडि संरक्षण कार्यक्रम</td><td>२२००००</td></tr>
<tr><td>१७८</td><td>कोभिड संक्रमित सव व्यवस्थापन खर्च</td><td>२४२००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२९४२००</td></tr>
</table></td><td></td></tr>
</table>



https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td></td><td></td><td>जडान वेगरको खपत<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायका भौचरवाट खानेपानी तथा सिंचाई उपभोक्ता समितिलाइ भुक्तानी गरेकोमा खरिद गरेको पाइप जडान नभएको आधारमा रकम भुक्तानी भएको देखियो। सामान खरिद गरेर जडान नगर्दा कामको प्रभावकारीता नहुने तथा खरिद गरिएको पाईप प्रयोग भए नभएको एकिन नहुने हुँदा उक्त पाइप जडान भएको प्राविधिक पुष्ट्याई सहितको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं मिति</th><th>उपभोक्ता समिति</th><th>जडान नभएको पाइप</th><th>दर प्रति रनिङ्ग मिटर</th><th>रकम</th></tr>
<tr><td>२०४</td><td>सुन्तला सिचाई पाईप खरिद योजना</td><td>२० मिमि एचडिपिई पाईप १३०० RM, ३२ मिमि एचडिपिई पाईप ४०० RM</td><td>क्रमश: ७१।९९, ४१।०० प्रति रनिङ्ग मिटर</td><td>१०९९८९।००</td></tr>
<tr><td>१७१</td><td>ठुलोपानी मुहान देखि लामडाँडा सम्म खानेपानी पाईप खरिद योजना</td><td>५० मिमि एचडिपिई पाईप ८२० RM</td><td>२१७।३१ प्रति रनिङ्ग मिटर</td><td>२०१३५९।४४</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td>३११३४८।००</td></tr>
</table></td><td>३११,३४८</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम:<br>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई ४५ लाख वजेट प्राप्त भएकोमा रु ४२ लाख ६६ हजार खर्च भएको छ भने लक्ष्य अनुसार प्रगति हासिल भएको देखिएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **बढि भुक्तानी:**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने उल्लेख छ । कार्यालयले भौ न ४९ मिति २०७७।११।११ बाट सातमुले चिहानडाँडा लेक थाउनुङ मोटर बाटो निर्माण कार्यको उपभोक्ता समितिलाई रु १९४०००।०० भुक्तानी दिएको छ। सम्झौता रकम रु २३४८८३।०५ रहेको यस निर्माण योजनामा कार्यसम्पन्न रकम रु २२६०३५।२५ रहेको अवस्थामा अनुपातिक कट्टि गरी रु १८६६९२।०० भुक्तानी हुनुपर्नेमा रु ७३०८ बढि भुक्तानी भएको छ। यसरी बढि भुक्तानी भएको रकम असुल गर्नुपर्दछ। | ७,३०८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **उपभोक्ता समिति विल भर्पाई:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वालाभग्राही समुदायले आफुले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले उपभोक्ताबाट काम गराई भुक्तानी भएका केही खर्च सम्बन्धी भौचर र फाँटवारी परीक्षण गर्दा तपशिल बमोजिमका योजनामा मुल्याङ्कन भएको काम अनुसार उपभोक्ता समितिले निर्माण सामाग्री खरिद गरि प्रयोग गरेको पुष्टी गर्ने विल भरपाई तथा खर्च प्रमाणित गर्ने कागजात संलग्न छैन । यस सम्बन्धमा अन्तिम मुल्याङ्कन बमोजिम कार्यसम्पादन भए वा नभएको एकिन हुने गरी प्राविधिक नापजाँच गरी खर्चलाई पुष्टी गर्ने विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ६६,०५९ |

| भौ न | निर्माण योजना | कामको विवरण | मुल्याङ्कन परिमाण | उ स विल | फरक परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|---|
| १६२ | छाप सामुदायिक भवन निर्माण | ब्रिक्स मेसिनरी | ८।६२ घ मि काममा ४८२७ गोटा | ४००० वटा | ८२७ | १९।९३ प्रति गोटा | १६४२८ |
| १८० | सर्वोदय खेल मैदान निर्माण | ग्याविन जालि | २*१*१ को ३६ वटा | ३५ वटा | १ वटा | ५२२९।१४ | ५२२९ |
| १० स्थानीय पूर्वाधार | शिरिनडाँडा शिवशक्ति सामुदायिक भवन निर्माण | ब्लक वर्क | ७।९४ घ मि काममा १०६२ गोटा | - | १०६२ गोटा | ४१।८१ | ४४४०२ |
| | | जम्मा | | | | | ६६०५९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **रोजगारी सिर्जना नहुने काम उपभोक्ता समिति मार्फत:**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । यस पालिकाले विभिन्न सडक निर्माणका योजना उपभोक्ता समितिबाट सम्पन्न गराई खर्च लेखेको छ। यसरी सम्पन्न गरेका योजनामा सम्पूर्ण काम सडक कटिङ्गको काम रहेको र सडक कटिङ्ग कार्यमा मेसिन प्रयोग भएको छ। यसरी निर्माण कार्य गर्दा रोजगारी सिर्जना नहुनुका साथै काममा मितव्ययिता रगुणस्तरियता समेत सुनिश्चित नहुने देखिन्छ। यस तर्फ पालिकाले ध्यान दिनु पर्दछ। केहि उदाहरणहरु: | |

| भौ न | कामको बिवरण | भुक्तानी रकम | मेसिन प्रयोग बिल |
|---|---|---|---|
| १४० | घोप्टे ओडार केटिचौर कृषि सडक | १५९०६५।०० | १९८८८०।०० |
| ३१ | खोले निबुवाबोट सडक निर्माण मर्मत सुधार | ११७०००।०० | १३९०००।०० |
| ५ स्थानीय पूर्वाधार | खोले निबुवाबोट आरुचौर मोटरबाटो | ९६२७९७।०० | १०७००५४।०० |
| १० स्थानीय पूर्वाधार | काभ्रे मुसुरवारी घोप्टेओडार केटिचौर मोटरबाटो निर्माण | १०११२७७।०० | १११९६९८।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **ठेक्का तथा म्याद थप सम्बन्धमा:** सार्वजनिक खरिद ऐनको दफा ५६ बमोजिमको अवस्था परि खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद सकिनु कम्तिमा २१ दिन अगावै निवेदन दिनु पर्ने र त्यस्तो निवेदन प्राप्त भए पछि निवेदकको उल्लेखित कारण मनासिव देखिएमा शुरु सम्झौता अवधिको पन्ध्र प्रतिशत सम्मको अवधि सम्मको म्याद थप बोलपत्र स्वीकृत गर्न अधिकारीले र सो भन्दा बढी पच्चीस प्रतिशत अवधि सम्मको म्याद थप गर्नु पर्ने भएमा विभागिय प्रमुखले थप गर्न सक्ने साथै उल्लेखित अवधि भन्दा बढी अवधिको म्याद थप गर्नु पर्ने मनासिव कारण भएमा सम्बन्धित मन्त्रालय वा निकायको सचिवले थप गर्न सक्ने उल्लेख छ । तर उक्त म्याद थप सम्बन्धि सम्पुर्ण निर्णय सम्झौता अवधि भित्र गरि सक्नु पर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा उल्लेख छ । यस पालिका बाट प्राप्त विवरण अनुसार गत बर्ष र यस आ व मा ठेक्का व्यवस्थापन भएका ठेक्का कार्य मध्ये केहि नमुना छनौट गर्दा शुरु सम्झौता अवधिभित्र निर्माण कार्यसम्पन्न हुन नसकेका निर्माण कार्यको गाउँ सभाबाट पटक पटक म्याद थप भएको छ।तोकिए बमोजिमको कार्यतालिका अनुसार कार्यसम्पन्न नभई पटक पटक म्याद थप भएबाट कार्यालयको समग्र ठेक्का व्यवस्थापन प्रभावकारी नभएको देखिन्छ। अत: निर्माण व्यवसायीसँग सम्झौतामा उल्लेखित कार्य तालिका तथा सम्झौताको शर्त बमोजिम समयमै कार्यसम्पन्न गराउने तर्फ ध्यान दिनुनपर्ने देखिन्छ। | |

| योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | सम्झौता मिति | सम्पन्न गर्न मिति | म्यादथप प्रथम पटक | म्याद थप दोस्रो पटक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २ नं वडा कार्यालय भवन | प्रशान्त एण्ड सुशान्त ईन्जिनियरिङ्ग | ४५१८९९२।२० | २०७६।०७।१७ | २०७७।०३।३० | २०७७।०९।३० | २०७७।१२।३० | हाल निर्माण सम्पन्न |
| हेलु अर्जुन चौपारी सडक | श्री गिता श्री क्रियटिभ जेभि | २९९९७९२५।८५ | ०७६।०३।०१ | ०७६।०९।२९ | २०७७।०३।३० | ०७७।०९।३० | ०७७।१२।३० तेस्रो पटक म्याद थप गरी निर्माण सम्पन्न |
| ५ नं वडा कार्यालय भवन | श्री लम्साल कन्सट्रक्सन प्रा लि | १८९६६५१ | २०७७।०३।१५ | ०७७।०९।३० | ०७७।१२।३० | नभएको | १४ दिन बिलम्म भई निर्माण सम्पन्न |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **कार्यसम्पादन जमानत:**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ (१) (ढ १) मा वोलपत्रदाताले लागत अनुमानको पन्ध्र प्रतिशत सम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमान भन्दा पन्ध्र प्रतिशत भन्दा वढी घटेर कवोल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कवोल गरेको छ सो को ५० प्रतिशतले हुन आउने रकम कवोल अंकको ५ प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत राख्नु पर्ने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा कार्यसम्पादन जमानतको म्याद कम्तीमा त्रुटी सच्याउने अवधि भन्दा १ महिना बढी अवधिको म्याद भएको हुनुपर्ने उल्लेख छ । यस पालिकावाट संझौता भएका देहायको निर्माण कामको सम्झौता भएको अवधिमा कार्यसम्पन्न हुननसक्दा पुन: म्याद थप गरेको छर म्याद थप भएको अवधिमा कार्यसम्पन्न भएको छ। कार्यसम्पन्न भएको मितिबाट गणना गरी नयाँ कायम हुने त्रुटी सच्याउने अवधि भन्दा १ महिना बढी अवधिको सम्मको कार्यसम्पादन जमानत हुनुपर्नेमा सो भन्दा घटि अवधिको रहेको छ।कार्यालयले ऐन तथा नियमावलीमा भएको व्यवस्थाको पालना गरी ठेक्का व्यवस्थापनलाई प्रभावकारी तथा नतिजामुखी बनाउनुपर्दछ। | |

| योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | कार्यसम्पन्न मिति | DLP अवधि | जमानतको म्याद हुनुपर्ने | म्याद रहेको अवधि | का स जमानत |
|---|---|---|---|---|---|---|---|
| २ नं वडा कार्यालय भवन | प्रशान्त एण्ड सुशान्त ईन्जिनियरिङ | ४५१८००२ | ०७७।१२।३० | ०७८।१२।३० | ०७९।०१।३० | ०७८।०१।१४ | ४६२००० |
| ५ नं वडा कार्यालय | श्री लम्साल कन्सट्रक्सन | १८९६६५१ | ०७७।१२।३० | ०७८।१२।३० | ०७९।०१।३० | ०७८।०८।१३ | १००००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>आयकरमा ननफाईलर:<br>आयकर ऐन, २०५८ को दफा ९६ मा आय वर्ष समाप्त भएको मितिले ३ महिना भित्र आय विवरण सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाउनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा अर्थ मन्त्रालयको मिति २०७८।०८।२९ च.नं. ३२७ को पत्रबाट १ वर्ष भन्दा अवधिको आयकरमा ननफाईलर रहेकोलाई रकम भुक्तानी दिन नहुने उल्लेख छ। यस गाउँपालिकाले यस वर्ष तपशिल बमोजिमका आपूर्तिकर्तालाई विभिन्न सेवा खरिदको भुक्तानि दिएको छ। करदाताले आ व ०७६।७७ को आय विवरण बुझाएको देखिन्छ भने २०७७।०७८ को आय विवरण हालसम्म बुझाएको देखिदैन।अत: निम्न बमोजिमका आपूर्तिकर्तालाई भुक्तानी दिएको रकमको मु अ कर समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ न</th><th>आपूर्तिकर्ता</th><th>करदाता नम्वर</th><th>खरिद गरिएको सेवा</th><th>ननफाईलर देखिएको महिना</th><th>भुक्तानी रकम</th><th>मु अ कर</th></tr>
<tr><td>५१</td><td>ग्रीन कन्सट्रक्सन प्रा लि</td><td>६१३०००५१८</td><td>विभिन्न निर्माण कार्य</td><td>२०७८।M।३</td><td>४७४६०२</td><td>५४६००।०६</td></tr>
<tr><td>५३/२०३</td><td>दरौखोला निर्माण सेवा</td><td>६०७९७९९८५</td><td>विभिन्न निर्माण कार्य</td><td>२०७८।M।११</td><td>६०१३१८</td><td>६९१७९।००</td></tr>
<tr><td></td><td></td><td colspan="4">जम्मा</td><td>१२३७७९</td></tr>
</table></td><td>१२३,७७९</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>पूर्व निर्धारित क्षतिपूर्ति:<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा सेवा प्रदायक वा निर्माण व्यवसायीको ढीलाइको कारणले खरिद सम्झौता तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकाइलाई १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकममा ०.०५ प्रतिशतका दरले पुर्व निर्धारित क्षतिपुर्ति दिनुपर्ने व्यवस्था रहेको छ। यस कार्यालयले भौ नं १९१ मिति २०७८।०१।२३ बाट ५ नं वडा कार्यालय भवन निर्माण कार्यको निर्माण व्यवसायी श्री लम्साल कन्सट्रक्सन प्रा लि लाई अन्तिम विल भुक्तानी गरेको छ। यस सम्बद्ध फाँटवारी परीक्षण गर्दा गाउँपालिकाले निर्माण व्यवसायी श्री लम्साल कन्सट्रक्सन सँग खरिद सम्झौता गरी निर्माण कार्य गराएको ५ नं वडा कार्यालय भवन निर्माण कार्यको कार्यसम्पन्न गर्नुपर्ने अवधि २०७७।०९।३० रहेकोमा गाउँसभाको निर्णयबाट मिति २०७७।१२।३० सम्म म्याद थप भएकोमा निर्माण व्यवसायीबाट निर्माण कार्यसम्पन्न भएको उल्लेख गरी अन्तिम विल भुक्तानीको लागि मिति २०७८।०१।१५ मा निवेदन पेश भएको छ। म्याद अवभि कायम रहदै निवेदन पेश गरी भुक्तानी माग हुनुपर्नेमा ढिला गरी निवेदन प्राप्त भएबाट निर्माण कार्य १४ दिनले विलम्व भई सम्पन्न भएको छ। यसरी विलम्व भएको १४ दिनको कार्यालयले सम्झौता अंक रु १८९६६५१।५६ को प्रति दिन ०.०५ प्रतिशत ले रु १३२७७।०० पुर्व निर्धारित क्षतिपुर्ति कट्टा गर्नु पर्नेमा कट्टा नगरेकोले कट्टी नगरेको क्षतिपूर्ति रकम निर्माण व्यवसायीबाट असुल गर्पर्दछ।</td><td>१३,२७७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **पाईप खरिदः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु ५ लाख भन्दा वढीको खरिद गर्दा सिलवन्दी दरभाउपत्रको माध्यम बाट गर्नु पर्ने तथा नियमावलीको नियम ३१ मा रु २० लाख भन्दा वढीको खरिद गर्दा वोलपत्रको माध्यमवाट गर्नुपर्ने उल्लेख छ। कार्यालयले माग र आवश्यकताको आधारमा वार्षिक खरिद योजना वनाई प्रतिस्पर्धी खरिद विधि अवलम्बन गरि खरिद कार्य गर्नसक्नेमा पटक पटक कोटेशन प्रस्ताव माग गरी टुक्रा टुक्रा गरि खरिद गरि रु १९९८१६३।०० भुक्तानी गरेको छ। पाईप खरिद कार्य गर्दा एउटै सामाग्री पटके रुपमा एउटै आर्थिक वर्षमा सोझै खरिद नगरि मितव्ययी एवं प्रतिस्पर्धी खरिद विधिको माध्यमबाट खरिद गर्नुपर्नेमा नियमावलीमा भएको व्यवस्थाको विपरीत सोझै सामान खरिद गर्नु अनियमित देखिएको रु | १,९९८,१६३ |

| भौ नं | आपूर्तिकर्ता | रकम |
|---|---|---|
| ९९ | विभिन्न | ५९९९४४।०० |
| ११० | नव नेपाल प्लाष्टिक प्रा लि | २५९९५८।०० |
| १७१ | जय लक्ष्मी हार्डवेयर | २०००००।०० |
| १०२ | नव नेपाल प्लाष्टिक प्रा लि | ३३९९८६।०० |
| १९४ | अर्जुन चौपारी कालिका हार्डवेयर एण्ड सप्लार्यस | ९८९७९।०० |
| १९६ | दरौखोला हार्डवेयर | ४९९२९६।०० |
| | जम्मा | १९९८१६३।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **लागत अनुमानमा दोहोरो मु अ कर:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेका कुराहरु तथा लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट, फलामे डण्डी, ईटा, ढुङ्गा, माटो, कर्कटपाता, विटुमिन तथा इमल्सन, इन्धन, पोलिथिन पाइप, जी.आई पाईप, विजुलीका सामान, जी-आई वायर लगायतका निर्माण सामाग्रीको दरभाउ, मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा रेट कायम गरी आयोजनाको कूल लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले निर्माण व्यवसायीबाट निर्माण सम्पन्न गरेको वडा कार्यालय गेट निर्माणको पंचमुल निर्माण सेवा संग सम्झौता गरी भौ न ३२ मिति २०७७।०९।१९ बाट रु ४००९२२।०० भुक्तानी गरेको छ। यस निर्माण आयोजनाको लागत अनुमान तयारी र दर विश्लेषण गर्दाका समयमा नै बालुवा, गिट्टि र ढुङ्गाको १३ प्रतिशत मू.अ.कर सहितको दर जोडी प्रति युनिटको दर निर्धारण गरेको छ। यसरी निर्माण सामाग्रीको मू अ कर सहितको दर कायम हुदा पिसिसि रस्टोन मेसिनरी वृद्धि भई लागत अनुमानमा समेत बढोतरी भएको छ। यथार्थमा पिसिसि को प्रति युनिट रु १११३४।४२ र स्टोन मेसिनरीको ११३८२।०७ कायम हुने देखिन्छ भने निर्माण व्यवसायीसँग तत् आईटमको वृद्धि भएको दर क्रमश रु ११९४०।०० र ११९१०।०० प्रति युनिटमा सम्झौता गरि भुक्तानी भएको छ। यसर्थ कुल कार्यसम्पादन भएको पिसिसि ४।६० घ मि को प्रति युनिट रु ८०५।५९ दरले रु ३७०५ र स्टोन मेसिनरी कार्य १८।४३ घ मि को प्रति यनिट रु ५२७।९२ को दरले रु ९७९२ गरी जम्मा रु १३४३४।०० बढि भुक्तानी भएको छ। यसरी बढि भक्तानी भएको रकम असुल गर्नुपर्ने रु | १३,४३४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५७ | | | **औद्योगिक ग्राम डिपिआर:**<br>औद्योगिक ग्राम घोषणा तथा संचालन सम्वन्धी कार्यविधि, २०७५ को दफा २२ मा औद्योगिक ग्राम स्थापना तथा विकास गर्दा प्रचलित कानुन वमोजिम प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणिय प्रभाव मुल्यांकन सम्पन्न गरेपछि मात्र औद्योगिक ग्राम स्थापना तथा विकासको कार्य गर्नुपर्ने उल्लेख छ। यस कार्यालयले औद्योगिक ग्राम स्थापनार्थ डिपिआर र प्रारम्भिक वातावरणीय परिक्षणको लागि एकमुष्ट रुपमा कुल रु १८१६०२३। मा Greenwich Environment and Engineering Pvt Ltd सँग संझौता गरेको छ। DPR तथा IEE को छुट्टाछुट्टै नभई एकमुष्ट रुपमा लागत अनुमान तयार गरी सोहि बमोजिम सम्झौता भएको र परामर्शदाताबाट IEE सम्बन्धी काम नभएको उल्लेख गरी सो वापत रु ३००००० घटाई डिपिआर कामको मात्र भौ न ५७ मिति २०७७।०७।२८ बाट रु १००००००।०० र भौ न २९६ मिति २०७८।०३।२३ बाट रु ५१६०२३ गरी जम्मा रु १५१६०२३।०० भुक्तानी गरेको छ । विज्ञहरुको सुझाव र मिति २०७७।०७।२७ कार्यपालिकाको DPR Review गर्नुपर्ने निर्णय समेतलाई आधार मानी एउटै प्रयोजनको लागि DPR Review उल्लेख गरी दोस्रोपटक परामर्श सेवा खरिद सम्झौता गरेको छ।कार्यालयले DPR Review कार्यको लागि कुल रु १३५६०००।०० मा ईनोभेटिभ ईन्जिनियरिङ्ग सर्भिसेज प्रा लि सँग सम्झौता गरी भौ न १६० मिति २०७७।१२।०६ बाट रु १२५६०००।०० र भौ न २१३ मिति २०७८।०१।२३ बाट रु १०००००।०० गरी जम्मा रु १३५६०००।०० भुक्तानी गरेको छ। प्राविधिकबाट प्राप्त जानकारी अनुसार हाल Reviewed DPR प्रतिवेदनमा आधारित रहि औद्योगिक ग्राम निर्माणाधीन अवस्थामा रहेको छ। सार्वजनिक खरिद निवमावली, २०६४ को नियम ८१ बमोजिम सफल भएको र कार्यालयले योग्य ठहर्याएको प्रथम पटक खरिद सम्झौता भएको परामर्शदाताबाट कार्यालयले यथार्थपरक नतिजा प्राप्त नगरेको देखिन्छ।औद्योगिक ग्राम जस्तो दिर्घकालिन महत्व राख्ने आयोजना निर्माण कार्यका लागि त्रुटिपूर्ण लागत अनुमान, मुल्याङ्कन प्रणाली र खरिद सम्झौताका कारण अपेक्षित नतिजा प्राप्त नभएको र प्रारम्भिक वातावरणीय परिक्षणको काम नगरी कार्यसम्पन्न प्रतिवेदन स्विकृत गरी परामर्शदातालाई भुक्तानी समेत हुदा कार्यालयलाई थप आर्थिक व्ययभार परेकोछ । एकै पटकको खरिद सम्झौताबाट अपेक्षित प्रतिफल प्राप्त गर्न सकिनेमा एउटै प्रयोजनको लागि पटक पटक खरिद सम्झौता गरी भुक्तानी गर्नु सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुनका साथै यस किसिमको खर्चको औचित्यता समेत स्थापीत नहुनेहुदा प्रथम पटक खरिद सम्झौता गरि भुक्तानी गरिएको रु १५१६०२३।०० अनियमित देखिएको रु | १,५१६,०२३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **आन्तरिक लेखापरीक्षण**<br>आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायवमोजिम छन् । | २०,१३२ |

| भौ नं | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| २८४ | विभिन्न विलमा कम कर कट्टा | १५० | विस्तृत विवरण आ ले प प्रतिवेदनमा उल्लेख भएको |
| २९३ | विभिन्न विलमा कम कर कट्टा | ४१० | |
| २१२ | विभिन्न विलमा कम कर कट्टा | ९७८ | |
| १३४ | विभिन्न विलमा कम कर कट्टा | १०५ | |
| १३८ | संचार खर्च अनियमित देखिएको | ४००० | |
| ४९ | सातमुले च्यानडाँडा लेक थाउलुङ् मोटरबाटो निर्माणमा वढी भुक्तानी | ७९६५ | |
| ५६ | शेर देउराली डाँडा कृषि सडक योजनामा वढी भुक्तानी | ८३७ | |
| १४५ | ठुलोखेत गोरेटो बाटो मर्मत योजना | ३६११ | |
| १४६ | अर्जुनचौपारी कन्स्ट्रक्सन को ३० प्रतिशत मु अ कर नकाटि भुक्तानी गरेकोले कर समायोजन पेश गर्नुपर्ने रु | १५५७ | |
| १८६ | अर्जुनचौपारी कन्स्ट्रक्सन को ३० प्रतिशत मु अ कर नकाटि भुक्तानी गरेकोले कर समायोजन पेश गर्नुपर्ने रु | ५१९ | |
| जम्मा | | २०१३२ | |

| ५९ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

अनुगमन तथा संपरिक्षण

**अनुगमन तथा सम्परीक्षण**– स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । बाँकी वेरुजु समेत फछ्र्यौट गरी संपरीक्षणको लागि पेश गर्नुपर्दछ । हालसम्मको कुल वेरुजुको स्थिति देहायअनुसार छः

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) | यो वर्षको बेरुजू (D) | संपरीक्षणबाट कायम बेरुजू (E) | अध्याविधक बाँकी बेरुजू (F=C+D+E) |
|---|---|---|---|---|---|
| ७४३२९ | २३९९७ | ५०६३३ | १७६०५ | ० | ६७९३७ |

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | सम्परीक्षण रकम |
|---|---|---|---|
| २०७६।७७ | ९ | संघिय अनुदान फिर्ता नगरेकोमा संघिय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गरेको | १४७७९८६३ |
| २०७६।७७ | १४ | सामाजिक सुरक्षा भत्ता दोहोरो भएकोमा असुल भई आएको | ८००० |
| २०७६।७७ | १४।१ | वितरण नभएको सामाजिक सुरक्षा भत्ता बैक बाट फिर्ता गरि दाखिला भएको प्रमाण पेश भएको । | १३६००० |
| २०७६।७७ | २१ | पशु विमा कार्यक्रमको विमा प्रिमियम विल पेश भएको | २६१०८८ |
| २०६७।७७ | २८ | हेलु अर्जुनचौपारी सडकको पेश्की तथा व्याज सहित रु 4899000 बेरुजु औल्याइएकोमा पेश्कि रकम रु ४२६००००। कट्टी गरी भुक्तानी गरेको | ४२६०००० |
| २०७६।७७ | ३२ | ईटा खरिद को विल भरपाई पेश भएको | ६९१०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७६।७७ | ३८ | मुल्य अभिवृद्धि कर कट्टी नगरेकोमा मु अ कर समायोजन पेश भएको | | ४४०९२ | | |
| | | | | २०७६।७७ | ४६ | बढी भुक्तानी भएको असुल भई आएको | | २६७४१ | | |
| | | | | | | नाम | रकम | | | |
| | | | | | | सन्तोष लम्साल | १२७५ | | | |
| | | | | | | दिपक थापा क्षेत्री | ३२५० | | | |
| | | | | | | वि पि स्मृति | ८२२ | | | |
| | | | | | | खेरो डाँडा समाज घर | ५९४ | | | |
| | | | | | | शुशिल केशि भरपाई पेश | १००० | | | |
| | | | | | | विल भरपाई पेश | १९८०० | | | |
| | | | | | | जम्मा | २६७४१ | | | |
| | | | | २०७६।७७ | ३६ | पाठ्यपुस्तक तथा छात्रवृत्तिको भरपाई पेश भएको | | ४१११३५८ | | |
| | | | | २०७५।७६ | ५७ | बद्रिप्रासाद पौडेलको पेश्की फछ्यौटको प्रमाण पेश भएको | | ३०००००० | | |
| | | | | जम्मा | | | | २३९९७२४२ | | |